# उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (बाणिज्य तथा आपूर्तितर्फ) सम्बद्ध सार्वजनिक निकायका कार्यकारी प्रमुखको

# छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (बाणिज्य तथा आपूर्तितर्फ) सम्बद्ध सार्वजनिक निकायका कार्यकारी प्रमुखको पदमा खुला र प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय ( बाणिज्य तथा आपूर्तितर्फ )सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३" को दफा ७ को उपदफा (२) बमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि तत्कालदेखि लागू हुने गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालय (बाणिज्य तथा आपूर्तितर्फ) सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनका लागि छनौट गर्दा अपनाउनु पर्ने कार्यविधि, २०७५" रहेको छ ।

(२)यो कार्यविधि मन्त्रालयले स्वीकृती गरेपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)" सार्वजनिक निकाय" भन्नाले उद्योगवाणिज्य तथा आपूर्ति मन्त्रालय (बाणिज्य तथा आपूर्तितर्फ) सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७३ को अनूसुची – १ बमोजिमका निकाय सम्झनु पर्छ ।

(ख)"कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने अध्यक्ष, कार्यकारी निर्देशक, सदस्य सचिव वा महाप्रवन्धक सम्झनु पर्छ ।

(ग)"मन्त्रालय" भन्नाले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ ।

(घ)"सम्वन्धित कानून" भन्नाले पदाधिकारीको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्वन्धी ऐन, नियम, गठन आदेश, प्रवन्धपत्र वा नियमावली सम्झनु पर्छ ।

(ङ)"समिति" भन्नाले दफा ११ को उपदफा (१) बमोजिमको छनौट समिति सम्झनु पर्छ ।

३. **दरखास्त आव्हानः**

१. मन्त्रालय (बाणिज्य तथा आपूर्तितर्फ) अन्तर्गतका सार्वजनिक निकायमा रिक्त कार्यकारी प्रमुखको पदमा पदपूर्तिका लागि घटीमा १५ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गरिनेछ।

२. कार्यकारी प्रमुख पदको लागि आवेदन दिन चाहने उम्मेदवारले अनुसूची -१ बमोजिमको दरखास्त फारम भरी सम्वन्धित निकायमा पेश गर्नुपर्नेछ ।

३. उपदफा (१) बमोजिमको म्यादभित्र ३ (तीन) जना भन्दा कम उम्मेदवारको मात्र दरखास्त पेश भएमा पेश हुन आएका दरखास्तलाई यथावत राखी पुनः ७ (सात) दिनको थप म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गरिनेछ ।

४. पुनः प्रकाशित सूचनाको म्यादभित्र पनि कुनै दरखास्त नपरेमा पहिले पेश भएका दरखास्तका आधारमा छनौट प्रक्रिया अगाडि बढाउन सकिनेछ ।

४. **दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः**

क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताका प्रमाणपत्र, तालिम तथा अनुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग) पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) चार (४) प्रति।

घ) आफूले हाल सम्म गरेको कार्य र त्यसबाट प्राप्त परिणामको आधिकारीक तथ्य सहित कम्तीमा दुई वटा मामला अध्ययन (Case study).

ङ) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

**५. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछः**

क) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ख) दरखास्त दिने सार्वजनिक निकायको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोबारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा उक्त संस्थासँग निजी स्वार्थ नभएको ।

ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।

घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

ङ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त नगरेको ।

च) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भएकोमा त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा भएको ।

**६. कार्यकारी निर्देशकको लागि तोकिएको योग्यताः**

सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि व्यक्तिलाई देहाय बमोजिमको योग्यता नभई पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन गरिने छैनः-

क) कार्यकारी प्रमुखका हकमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्ष काम गरेको,

ख) सार्वजनिक निकायको अध्यक्षको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको,

ग) सदस्यको हकमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको,

घ) कार्यकारी प्रमुखको हकमा तीस वर्ष पूरा भई पैसठ्ठी वर्ष उमेर ननाघेको र अध्यक्षको हकमा पैतीस वर्ष उमेर पूरा भएको,

ङ) सदस्यको हकमा पच्चीस बर्ष पुरा भएको ।

७. **व्यावसायिक कार्ययोजना/मामला अध्ययन पेश गर्नु पर्ने:**

१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) कार्यकारी प्रमुखका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरू समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ ।

क) सम्बन्धित सार्वजनिक निकायको बारेमा जानकारी उल्लेख भएको विवरण

ख) सम्बन्धित सार्वजनिक निकायको विद्यमान अवस्थाको पहिचान र विश्लेषण

ग) सम्बन्धित सार्वजनिक निकायको सवल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis)

घ) रणनीतिक (Strategic) र कार्यान्वयनगत सुधार गर्नुपर्ने क्षेत्रहरू(Major Areas of Strategic Reform) को विश्लेषण

ङ) उत्पादकत्व अभिवृद्धि (Productivity Enhancement), व्यवसाय विस्तार र क्षमता अभिवृद्धि (Business Expansions and Capacity Development), संस्थागत सुधार एवं सुशासन (Corporate Reform and Good Governance), मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, व्यवस्थापन लागत (Management Cost) घटाउनका लागि आवश्यक रणनीति, प्रतिस्पर्धात्मक क्षमताको अभिबृद्धि, संस्थाको अपेक्षित स्वरूप, श्रोत परिचालन, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरूको सञ्चालन, पारदर्शिता, स्वच्छता, नियमितता, विश्वसनीयताको सुनिश्चितता र परिपालना, अनुगमन तथा सुरपरिवेक्षणको लागि आवश्यक कदमहरू समेत समावेश भएको समय-सारिणी (Time frame) सहितको व्यावसायिक कार्ययोजना (Business Action Plan) ।

२) तयार पारिएको व्यावसायिक कार्ययोजना र मामला अध्ययन तोकिएको मिति र समयमा छनौट सूची (Short List) मा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ । प्रस्तुतीकरणका लागि आधा घण्टा (३० मिनेट) समय प्रदान गरिनेछ ।

८. **उम्मेदवारको मूल्यांङ्कन सम्बन्धी अङ्क भार:**

उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सोको वर्गीकरण तपसिल बमोजिम कायम हुनेछः

| | | |
|---|---|---|
| १) शैक्षिक योग्यता र कार्य अनुभव | - | ५० अङ्क |
| २) व्यावसायिक कार्ययोजना | - | ५० अङ्क |
| ३) प्रस्तुतीकरण | - | ३० अङ्क |
| ४) अन्तर्वार्ता | - | २० अङ्क |
| **पूर्णाङ्क** | - | **१५० अङ्क** |

माथि दफा ८ को उपदफा १ वापत दिईने अंक विभाजन देहाय बमोजिम हुनेछ ।

▪ उम्मेदवारको शैक्षिक योग्यता तथा कार्य अनुभव - ५०

| क) शैक्षिक योग्यता -२० | अङ्क बाँडफाड |
|---|---|
| दफा ६ बमोजिमको न्यूनतम योग्यता बापत | २० |
| ख) सम्बन्धित क्षेत्रको कार्य अनुभव र मामिला अध्ययन- ३० | |
| १) ५ देखि ६ बर्षसम्मको कार्य अनुभव वापत<br>२) ६ बर्षभन्दा माथिको थप कार्य अनुभव बापत<br>३) दफा ७ मा उल्लेख गरे बमोजिमको मामिला अध्ययनका आधारमा यसपूर्व कार्यरत संस्थामा उल्लेखनिय सुधार गरेको भए (२ मामिला अध्ययनमा हरेकलाई अधिकतम १० मा नबढ्ने गरी अंक दिने) | ५<br>५<br>२० |

▪ माथि दफा ८ को उपदफा २, ३ र ४ वापत दिईने अंक छनौट तथा सिफारिस समितिले संस्थाको प्रकृति अनुसार विभाजन गर्न सक्नेछ ।

९. छनौट एवं सिफारिस प्रक्रियाः

१) उम्मेदवारको छनौट एवं नियुक्तिका लागि सिफारिस गर्दा दफा ११ बमोजिमको छनौट तथा सिफारिस समितिले निम्न बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

क) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको व्यावसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अंङ्कको आधारमा उच्च अंक प्राप्त गर्ने उम्मेदवारहरू मध्ये बढीमा पाँच जना उम्मेदवारलाई छनौट गरी संक्षिप्त सूची (Short List) तयार गर्ने।

ख) संक्षिप्त सूचीमा परेका उम्मेदवारलाई कम्तिमा ७ दिनको सूचना दिई व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण तथा अन्तरवार्ताको लागि आव्हान गर्ने।

ग) समितिले निर्धारण गरेको मिति, समय र स्थानमा व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण गराउने तथा अन्तरवार्ता लिने।

घ) उपदफा (१) क बमोजिम संक्षिप्त सूची (Short List) मा परेका उम्मेदवारहरूले शैक्षिक योग्यता, कार्यअनुभव, व्यावसायिक कार्ययोजना,व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा प्राप्त गरेको अङ्कको आधारमा सम्भव भएसम्म तीनजनालाई कार्यकारी प्रमुखको पदमा सम्बन्धित संस्थाको कानूनमा उल्लेख भए बमोजिम पदावधि रहने गरी नियुक्तिका लागि मन्त्रालय समक्ष वर्णानुक्रमानुसार सिफारिस गर्ने।

२) दफा ८ बमोजिम प्राप्त सिफारिशका आधारमा नियुक्तिका लागि नेपाल सरकार मन्त्रिपरिषद समक्ष मन्त्रालयले प्रस्ताव पेश गर्नेछ ।

३) मन्त्रालयले आवश्यक ठानेमा पहिलो चरणहरुमा परेका आवेदनहरूलाई यथावत राखी थप आवेदनको लागि घटीमा १५ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत पुनः दरखास्त आव्हान गर्न सक्नेछ ।

१०. व्यावसायिक कार्ययोजना (Business Plan) र मामिला अध्ययन (Case Study) प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षण सम्बन्धी अन्य व्यवस्थाः

१) व्यावसायिक कार्ययोजना र मामिला अध्ययनको परीक्षण तथा अन्तर्वार्ता लिने कार्य दफा ११ बमोजिमको छनौट तथा सिफारिस समितिले गर्नेछ। समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त अङ्कको आधारमा औषत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना र Case Study वापतको प्राप्ताङ्क गणना गर्नेछ ।

**११. छनौट तथा सिफारिश समितिः**

१) यस कार्यविधि बमोजिमको कार्य सम्पन्न गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिश समिति गठन गरिनेछः

क) सहसचिव, प्रशासन तथा संस्थान महाशाखा, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय - संयोजक

ख) उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेको सहसचिव - सदस्य

ग) मन्त्रालयले तोकेको सम्बन्धित विषय विज्ञ - सदस्य

२) यस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

३) समितिको सचिवालय सम्बन्धि कार्य मन्त्रालयको प्रशासन (बाणिज्य तथा आपूर्ति) तथा संस्थान समन्वय शाखाले गर्नेछ ।

**१२. अन्य व्यवस्था:**

माथि जेसुकै लेखिएको भएता पनि छनौट तथा सिफारिशका लागि आव्हान गरिएको सूचना एवं सम्पूर्ण प्रक्रिया मन्त्रालयले उपयुक्त ठानेमा जुनसुकै बखत रद्ध गर्न सक्नेछ ।

**अनुसूची-१**

**नेपाल सरकार**

**उद्योग,वाणिज्य तथाआपूर्ति मन्त्रालय**

**.........................को ..................को नियुक्तिकालागि गठितछनौटतथासिफारिस समितिको**

## पदपर्ति सम्बन्धी सचना

**(प्रथमपटक प्रकाशितमिति २०७५/०/......)**

.............................मा रिक्त .......................... पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन (२०७५........ गते) भित्र कार्यालय समयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रशासन शाखा, सिंहदरवार, काठमाडौंकम गोप्य शिलबन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. योग्यतातथाअनुभव:**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय वा अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष कार्यानुभव हासिल गरेको,

ख) तीस वर्ष उमेर पुरा भई पैसठ्ठी वर्ष ननाघेको ।

नोट: यस पदपूर्ति सम्बन्धी सूचना प्रयोजनको लागि "सम्बन्धित क्षेत्र" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक लगानीमा स्थापना भएको सार्वजनिक संस्थान वा निकाय, वा निजी क्षेत्रका संगठित संस्था वा संयुक्त राष्ट्र संघीय प्रणालीमा अधिकृत स्तरमा कार्य गरेको भन्ने बुझिन्छ ।

**२. दरखास्त पेश गर्ने प्रक्रिया :**

क) दरखास्त साथ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको website:- www.moics.gov.np मा प्रकाशित .... ...... ....................को .... ..... .... ... छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५ को दफा ... बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) र कम्तीमा दुईवटा Case Study शिलबन्दी गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति सरकारी उद्योग तथा संस्थान शाखामा पेश गर्नु पर्नेछ। शिलबन्दी प्रस्तावको खामबाहिर **"...............को ...........का लागि आवेदन तथा व्यावसायिक कार्ययोजना र Case Study"** उल्लेख गरेको हुनुपर्नेछ।

**३. व्यावसायिककार्ययोजना र Case Study को प्रस्तुतीकरण :**

छनौट सूचीमा परेकाउम्मेदवारले आफुले पेश गरेको व्यावसायिककार्ययोजना र Case Study तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ।

**४. दस्तुर :**

दरखास्त दस्तुर वापत उद्योग, वाणिज्य आपूर्ति मन्त्रालयको कार्यालय कोड नं.: २७-३०७-१४, राजस्व खाता नं.००१००१०६२००००० तथा राजस्व शीर्षक: १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिंहदरवार शाखामा रू. ५,०००।- (अक्षरेपी पांच हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

**५. पारिश्रमिक :**

.................लाई करारमा उल्लेख भए बमोजिमका शर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

**६. अन्यविवरण:**

क) छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको काम, कर्तव्य र अधिकारका साथै व्यावसायिक कार्ययोजना र Case Study मा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको website: www.moics.gov.np बाट जानकारी लिन सकिनेछ।

ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त मन्त्रालयले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

घ) यस सम्बन्धी थप जानकारीका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सरकारी उद्योग तथा संस्थान शाखा वा टेलिफोन नं. .................मा सम्पर्क गर्न सकिनेछ।

अनुसूची – २

कार्यविधिको दफा ४ संग सम्वन्धित

**......लिमिटेड / समिति / प्रतिष्ठान**

**कार्यकारी प्रमुख / महाप्रवन्धक पदको दरखास्त फारम**

**(खुल्ला प्रतिष्पर्धाको लागि)**

| कार्यालय प्रयोजनका लागि | दरखास्त दर्ता नं. | |
|---|---|---|
| | दर्ता मिति | |
| | विज्ञापन नं. | |
| | रोल नं. | |

पासपोर्ट साइजको फोटो टाँसी दस्तखत गर्ने

**खण्ड (क) विज्ञापनमा उल्लेखित पूर्ण विवरण :**

| | |
|---|---|
| १. विज्ञापन नं. | २. पद : |

**खण्ड (ख) उम्मेदवारको व्यक्तिगत विवरण :**

| | | | |
|---|---|---|---|
| ३. | उम्मेदवारको पुरा नाम / थर | देवनागरीमा | |
| | | अंगेजी ठुलो अक्षरमा | |
| ४. | स्थायी ठेगाना | १.जिल्लाः २. न.पा./गा.पा.३. वडा नं.<br>४.टोलः ५. फोन नं. ६. मो.नं. | |
| ५. | पत्राचार गर्ने ठेगाना | १.जिल्लाः २.न.पा./गा.पा.<br>३.वडा नं.४. टोलः | |
| ६. | विवाहितको हकमा | १.पति/पत्निको पुरा नाम/थर | |
| | | २.नागरिकता नम्वर र जारी जिल्ला, मिति | |
| ७. | उम्मेदवारकोः | १.जन्म मिति...............साल........महिना.....गते<br>२. इस्वी सनमाः | |

**खण्ड (ग) शैक्षिक योग्यता र तालिमको विवरणः**

| क्र.स | अध्ययन गरेको संस्थाको नाम | उतिर्ण परिक्षा | परिक्षा उतिर्ण गरेको मिति | श्रेणी | परिक्षा लिने संस्था | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

**खण्ड (घ) कार्य अनुभवको विवरणः**

| कार्यालय | पद | सेवा, समुह र उपसमुह | श्रेणी वा तह | मिति देखी | मिति सम्म | सो पदमा रहि गरेको कार्यको विवरण |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दरखास्त साथ निम्म लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ :

(क)उमेर खुलेको प्रमाणको प्रतिलिपि ।

(ख)नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि (तालिम, अनुभवको प्रतिलिपि समेत )

(घ) अन्तरवार्ताको दिन उम्मेदवार आफ्नो सबै सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्ने छ ।

(ङ) लिमिटेड संचालनको व्यवसायिक योजना र सो को कार्यान्वयनको संक्षिप्त कार्ययोजना शिलवन्दी गरी बढीमा १५ पेजमा ( हार्ड र सफ्ट कपि) छुट्टै पेश गर्नुपर्नेछ ।

(च) दरखास्त फारम पेश गर्दा लाग्ने परिक्षा दस्तुर बापत ....... बैंकको खाता नं. ........... मा रु. .........बुझाएको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

(छ) TOR मा उल्लेख भए बमोजिम अन्य कुनै अनुभव भए सो र खण्ड (ग) र (घ) मा छुटयाइएको ठाँउ अपुग भएमा छुट्टै पेश गर्न सकिनेछ ।

<u>प्रस्तुत विवरणहरु साँचो र दुरुस्त छन्, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँदा ।</u>

| ल्याप्चे | |
|---|---|
| दाँया | बायाँ |
| | |

उम्मेदवारको हस्ताक्षरः ..........................

नामः...........................

मितिः............................

कर्मचारीले भर्ने :

| १.रोल नं. | ३.भौचर नं. |
|---|---|

४.दरखास्त बुझ्नेको हस्ताक्षर र मिति :

...............................................

५.दरखास्त स्वीकृत / अस्वीकृत गर्ने अधिकृतको हस्ताक्षर र मितिः

....................................................................................

..... लिमिटेड / समिति / प्रतिष्ठान

# प्रवेश – पत्र

## परिक्षार्थीले भर्ने

पासपोर्ट साइजको
फोटो टाँसी
दस्तखत गर्ने

(क)विज्ञापन नं. :
(ख)नाम / थर :
(ग)पद :
(घ)रोल नं. :
(ङ)परिक्षा केन्द्र :
(च)परिक्षार्थीको दस्तखत :

**सम्वन्धित कर्मचारीले भर्ने :**

यस लिमिटेड / समिति / प्रतिष्ठानबाट मिति ....................................... मा / देखि लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित गराउन अनुमति दिइएको छ ।

.........................................

सम्वन्धित अधिकृतको दस्तखत

---

..... लिमिटेड / समिति / प्रतिष्ठान

# प्रवेश – पत्र

## परिक्षार्थीले भर्ने

पासपोर्ट साइजको
फोटो टाँसी
दस्तखत गर्ने

(क)विज्ञापन नं. :
(ख)नाम / थर :
(ग)पद :
(घ)रोल नं. :
(ङ)परिक्षा केन्द्र :
(च)परिक्षार्थीको दस्तखत :

**सम्वन्धित कर्मचारीले भर्ने :**

यस लिमिटेड / समिति / प्रतिष्ठानबाट मिति ....................................... मा / देखि लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित गराउन अनुमति दिइएको छ ।

.........................................

सम्वन्धित अधिकृतको दस्तखत

१. <u>कार्यकारी प्रमुख, **WITDB**</u>

- अर्थशास्त्र, वाणिज्य, कानून, लजिष्टिक्स व्यवस्थापन वा जनप्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण भै अर्थ, उद्योग, वाणिज्य वा पारवहन सँग सम्बन्धीत क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको ।

२. <u>कार्यकारी प्रमुख **NTWCL**</u>

- अर्थशास्त्र, वाणिज्य, कानून, लजिष्टिक्स व्यवस्थापन वा जनप्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण भै पारवहन, लजिष्टिक्स वा गोदाम व्यवस्थापनसँग सम्बन्धीत काममा पाँच वर्षको अनुभव हासिल गरेको ।

<u>विकल्पः</u> अर्थ, उद्योग, वाणिज्य, पारवहन, लजिष्टिक्स वा गोदाम व्यवस्थापनमा पाँच वर्षको अनुभव हासिल गरेको ।